मिति २०७८/०९/१८
समय : १०:०० बजे

# महालक्ष्मी विकास बैंक लि.
## निर्बाचन अधिकृतको कार्यालय
## निर्बाचन कार्यक्रमको सूचना

महालक्ष्मी बिकास बैंक लि. सञ्चालक समितिको प्रतिनिधित्व गर्ने सँस्थापक समूह (क) **को सञ्चालक पद संख्या ३** र सर्बसाधारण समूह (**ख**) को सञ्चालक पद संख्या ३ को निर्बाचन प्रयोजनको लागि निम्न लिखित बमोजिमको निर्बाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | समय | |
| १. | मतदाता नामावली प्रकाशन गर्ने | २०७८/९/१९ | | विहान ११:०० | बैंकको केन्द्रिय कार्यालय,दरबारमार्ग |
| २ | मतदाता नामाबलीमा दाबी बिरोध गर्ने | २०७८/९/१९ | विहान ११:०० | दिनको २:०० | ऐ. ऐ. |
| ३. | मतदाता नामावलीमा छानबिन गरि अन्तिम मतदाता नामाबली प्रकाशन गर्ने | २०७८/९/१९ | | दिनको ४:०० | ऐ. ऐ. |
| ४. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०७८/९/२० | विहान १०:०० | दिनको १:०० | ऐ. ऐ. |
| ५. | मनोनयन पत्र दर्ता भएका उम्मेदबार हरुको सूचि प्रकाशित गर्ने । | २०७८/९/२० | | दिनको २:०० | ऐ. ऐ. |
| ६. | उम्मेदबारको बिरोधमा उजुरी दिन सक्ने । | २०७८/९/२० | दिनको २.०० | दिनको ३:०० | ऐ. ऐ. |
| ७ | उम्मेदवारको मनोनयनपत्रको जाँच र उजुरी उपर निर्णय गरि उम्मेदबारको नामाबली प्रकाशित गर्ने | २०७८/९/२० | | दिनको ५:०० | ऐ. ऐ. |
| ८. | उम्मेदवारले आफ्नो मनोनयन पत्र फिर्ता लिने । | २०७८/९/२१ | विहान १०:०० | दिनको १:०० | ऐ. ऐ. |
| ९. | उम्मेदबारको अन्तिम नामाबली प्रकाशन गर्ने । | २०७५/९/२१ | दिनको ४:०० | | ऐ. ऐ. |
| १०. | मतदान गर्ने । | २०७८/९/२५ | दिनको २:०० | दिनको ४:०० **नोटः मतदान गर्ने समयमा निर्वाचन अधिकृतले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।** | साधारण सभा स्थल । |
| ११. | मतगणना गर्ने । | २०७८/९/२५ | मतदान समाप्त भएपछि | | साधारण सभा स्थल । |
| १२. | मतगणनाको परिणाम घोषणा गर्ने | २०७८/९/२५ | मतगणना समाप्त भएपछि | | साधारण सभा स्थल । |

नोट :

१. मतदाता नामाबली सिद्धार्थ क्यापिटल लिमिटेडद्धारा बिद्युतिय माध्यमबाट प्राप्त भए अनुसार प्रकाशित गरिनेछ । कसैलाई मतदाता नामाबली चाहिएमा बिद्युतिय माध्यमबाट वा सिडीमा कपी गरि तोकिएको रकम लिई उपलब्ध गराउन सकिनेछ ।

२. उम्मेदबारले आफ्नो उम्मेदबारी मनोनयन पत्र दर्ता गर्न आउँदा आफ्नो नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शेयरधनी प्रमाण पत्र वा डिम्याट बिबरणको प्रतिलिपी, कर चुक्ताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र, कार्य अनुभबको प्रमाणपत्र वा सम्बन्धित बैंक तथा बित्तिय सँस्थाको आधिकारिक सिफारिस पत्र, सँगठित सँस्थाको तर्फबाट उम्मेदबारी दिने भएमा सँस्थाको दर्ता प्रमाणपत्र, पछिल्लो शेयर लगत, सँस्थाको निर्णयको प्रतिलिपी, कर चुक्ताको प्रमाण पत्र र सँस्थाको प्रतिनिधिको समेत कर चुक्ताको प्रमाण पत्र र कालोसुची नरहेको बिबरण तथा निर्बाचन निर्देशिका २०७८ बमोजिमका कागजात पेश गर्नु पर्नेछ ।

३. उम्मेदबार हुन बैंकको नियमाबली, निर्बाचन निर्देशिका, बैंक तथा बित्तिय सँस्था सम्बन्धि ऐन नियम, कम्पनी ऐन र नेपाल राष्ट्र बैंक द्धारा जारी निर्देशन समेत बमोजिम संचालक हुन वा वहाल रहन अयोग्य नरहेको हुनु पर्नेछ ।

४. उम्मेदबारी मनोनयन दर्ता गर्न उम्मेदबार स्वयम वा रीत पूर्बकको वारेस र प्रस्ताबक समर्थक समेत स्वयम उपस्थित हुनु पर्नेछ । प्रस्ताबक, समर्थकको नागरिकता प्रतिलिपी, शेयरधनी प्रमाण पत्र वा डिम्याट बिबरणको प्रतिलिपी समेत साथै पेश गर्नु पर्नेछ । एउटै ब्यक्ति अर्को उम्मेदबारको प्रस्ताबक र समर्थक बन्न पाउने छैन । उम्मेदबार आफै जुन समूहको हो सोही समूहको प्रस्ताबक सर्मथक हुनुपर्नेछ । मनोनयन पत्र दर्ता दस्तुर रु.१०,०००/–(दस हजार) तोकिएको छ ।

५. कुनै शेयरधनीको एक भन्दा बढि शेयरधनी नं./बिओआई डि नं. खाता भएका हरेक खाताको अलग अलग प्रतिनिधि फारम भरी बुझाउनु पर्नेछ ।

६. शेयरधनीको नाम थर, हस्ताक्षर नभएको वा नमिलेको, शेयरधनी नं./बिओआईडी नं. नभएको वा नमिलेको, केरमेट गरेको वा टिपेक्स लगाएको प्रतिनिधि पत्र बदर हुनेछ ।

७. जुन समूहको शेयरधनी हो सोही समूहको अर्को शेयरधनीले मात्र प्रोक्सी (प्रतिनिधि पत्र) दिए लिएको हुनु पर्नेछ ।

८. प्रोक्सी (प्रतिनिधि पत्र) बुझाउन ल्याउदा अलग अलग समूहको अलग अलग फाईल बनाई क्र.सं., प्रोक्सी दिनेको नाम, थर, शेयरधनी/डिम्याट नं. शेयर कित्ता सँख्या समेत खुलाई पञ्जिका सहित ल्याउनु पर्नेछ ।

९. भौतिक (डिम्याट) र अभौतिक (ननडिम्याट) फारमको अलग अलग पञ्जिका र फाइल हुनुपर्नेछ ।

१०. निर्बाचन कार्यक्रम तालिकामा तोकिएको दिन र समयमा सार्बजनिक बिदा परेमा पनि तोकिएको कार्य तोकिएको दिन र समयमा सम्पन्न हुनेछ ।

११. मतदान हुने दिन २०७८/९/२५ गते जुनसुकै समयमा मतदान शुरु भए पनि शुरु भएको समय देखि २ घण्टा मतदान गर्ने समय निर्धारण गरिएको छ ।

१२. मतदाता शेयरधनीले आफ्नो शेयर भएको देखिने प्रमाणको अतिरिक्त आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र लिई आउनु पर्नेछ ।

१३. अन्य थप जानकारीको लागि बैंकबाट प्रकाशित सूचना, निर्बाचन निर्देशिका २०७८ तथा निर्बाचन अधिकृतले प्रकाशित गरेका सूचनाहरु हेर्न हुन सुचित गरिन्छ ।

.........................

विष्णु प्रसाद न्यौपाने

निर्बाचन अधिकृत